# आठविसकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आठविसकोट, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

फोन नं.
9748583138
9741389961


मिति : २०७५/०९/१३

पत्र संख्या :(प्रशासन)२०७५/०७६
चलानी नम्बर : ९०४

**विषय : सूचना टाँस गरी सोको जानकारी पठाउने सम्बन्धमा ।**

श्री १२...नं. वडा कार्यालय,
आ.न.पा. रुकुम (पश्चिम) ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७५/०७६ मा संचालन गरिने कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना थान १ यसै पत्र साथ संलग्न राखी पठाईएको छ । सो सूचना तहाँ कार्यालयको सूचना पाटिमा टाँस गरी सोको जानकारी पठाईदिनु हुन अनुरोध छ ।

..............................
रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

फोन नं.
9748583138
9741389961


पत्र संख्या :(प्रशासन)२०७५/०७६ मिति : २०७५/०९/१३
चलानी नम्बर : ...

**प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**
**(प्रकाशित मिति : २०७५/०९/१३)**

प्रस्तुत विषयमा यस आठविसकोट नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल उल्लेखित कृषि र पशु विकास क्षेत्रसँग सम्वन्धीत योजना तथा कार्यक्रमहरु सम्वन्धीत कृषक/फर्म/संस्था/समूह/ सहकारी मार्फत प्रस्ताव आह्वान गरी कार्यान्वयन गर्नुपर्ने भएकोले सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ । उल्लेखित सर्तको आधारमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७५/०९/२७ गते सम्म) प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल**

| क्र.सं. | कार्यक्रमको शिर्षक | लक्ष्य | इकाई | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | अर्गानिक होटल स्थापना | १ | वटा | आठविसकोट न.पा. ९ राडीबजार | |
| २ | नर्सरी केन्द्रलाई अनुदान | ६ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| ३ | उत्कृष्ट कृषि फर्म वा किसानलाई प्रोत्साहन अनुदान | ४ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| ४ | हाट वजार सञ्चालन प्रदर्शनी व्यवस्थापन | १ | वटा | आठविसकोट न.पा. ९ राडीबजार | |
| ५ | साना सिचाई निर्माण मर्मत संभार | ४ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| ६ | बंगुर पालन कृषक वा समूहलाई अनुदान | १ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| ७ | कुखुरा पालक कृषक/फर्म/समूहलाई अनुदान | १ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| ८ | भैसि पालक कृषक वा समूहलाई अनुदान | १ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| ९ | बाखा पालक कृषक/फर्म/समूहलाई अनुदान | १ | वटा | आठविसकोट नगरपालिका सवै वडा हरु | |
| १० | दुग्ध डेरी स्थापना तथा सञ्चालन अनुदान | १ | वटा | आठविसकोट न.पा. ९ राडीबजार | |
| ११ | आधुनिक बधशाला एवम् बधस्थल निर्माण | १ | वटा | आठविसकोट न.पा. ९ राडीबजार | |

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

फोन नं.
9748583138
9741389961


पत्र संख्या :२०७५/०७६
चलानी नम्बर

मिति : २०७५/०९/१३

**शर्तहरु**

१. प्रस्ताव पेश गर्ने कृषक/फर्म/संस्था/सहकारी/समूह आधिकारिक रुपमा नगरपालिकामा दर्ता वा सूचीकृत भएको हुनुपर्नेछ ।

२. तालिम तथा कार्यक्रम व्यवस्थापन तथा संचालन सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची १ को ढाँचामा प्रस्ताव तयार गरी आर्थिक विकास शाखामा रु १० को टिकट टाँस गरी निवेदन पेश गर्नुपर्नेछ ।

३. प्रस्तावका साथ अनुदान कार्यक्रम संचालन सम्बन्धमा सम्बन्धित फर्म/समूह/सहकारीले गरेको निर्णय, व्यवसायिक योजना, दर्ता प्रमाणपत्र, सोको नवीकरण, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस र आवश्यकता अनुसार अन्य कागजातहरु पेश गर्नुपर्नेछ ।

४. नर्सरी र उत्कृष्ट फर्मको लागि आफ्नै जग्गा भए जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि र भाडामा भए कम्तीमा १० वर्षको सम्झौता पत्र पेश गर्नुपर्ने छ ।

५. संरचना आवश्यक पर्ने कार्यक्रमको हकमा आफ्नै संरचना भए संरचना बनेको स्थानको जग्गा धनी प्रमाण पूर्जा र भाडामा भए कम्तीमा १० वर्ष अवधिको सम्झौता पत्र पेश गर्नुपर्नेछ ।

६. म्याद नाघि आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

**नोट** :- थप जानकारीको लागि आठविसकोट नगरपालिका आर्थिक विकास शाखामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

..................................
रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकिय अधिकृत